जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०० २०८१ साल फागुन २६ गते सोमबार (10 Mar. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा भेटिए छेपारोका ... ३ पृष्ठमा : सिरियामा दुई दिनको झडप र ... ३ पृष्ठमा : हमासद्वारा गाजा युद्धविराम ...

## वडा अध्यक्षको घर र गोठमा आगलागि हुँदा ११ चौपाया मरे



**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ का वडा अध्यक्ष शत्रुधन मण्डलको घर र गाई गोठमा शनिबार राती आगलागि हुँदा एक घर र ११ चौपाया जलेर मरेका छन् ।

प्रहरीका अनुसार राती ९ बजेतिर अचानक भएको आगलागिले मण्डलको एउटा घर पूर्णरुपले खरानी भएको छ भने गोठमा रहेको ११ वटा चौपाया समेत जलेर मरेका छन् ।

आगलागिबाट मण्डलको टिनको छानो भएको एउटा घर, फर्निचर, लत्ताकपडा, खाद्यान्न, टिभि र केही कागजातहरु जलेर पूर्ण रुपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सोही घरसँगै टाँसिएको उनको गोठमा रहेको सात वटा बाखा, दुई वटा खसी, एक/एक भैंसि र पारा पनि जलेर मरेका छन् ।

प्रहरी निरिक्षक सुरेन्द्र नेपालीले कारण खुल्न नसकेको आगलागिबाट ८ लाख ७८ हजार रुँपैया बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको बताएका छन् ।

स्थानीयवासी र प्रहरीको सहयोगमा एक घण्टाको प्रयास पश्चात् आगोमाथी नियन्त्रण कायम गरिएको उनले जानकारी दिएका छन् ।

यता वडाअध्यक्ष मण्डलले आफ्नो घर र गोठमा कसैले आगजनी गरेको हुन सक्ने आशंका व्यक्त गर्दै त्यसको सुक्ष्म अनुसन्धान गर्न माग गरेका छन् ।

## मोरङ जिल्ला अदालतबाट ठगि सम्बन्धी कसुर मुद्दामा सजाय पाएका साह सप्तरीबाट पक्राउ

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

ठगि सम्बन्धी कसुर मुद्दामा मोरङ जिल्ला अदालतबाट सजाय तोकिएर फरार रहेका एक प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं.४ बस्ने राज कुमार साह छन् । नितेश राज नायकको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राज कुमार साह समेत भएको ठगी सम्बन्धी कसुर मुद्दामा उनी फरार थिए ।



मोरङ्ग जिल्ला अदालतले साहलाई २०८१ माघ १५ गते पक्राउ गर्न अनुमती दिएपछी जिल्ला प्रहरी कार्यालय सप्तरीले खोजतलास गर्ने क्रममा राजविराज वडा नं.८ बाट फागुन २३ गते पक्राउ गरेको हो ।

पक्राउ परेका साहलाई आवश्यक अनुसन्धान कार्यका लागि जिल्ला प्रहरी कार्यालय मोरङ विराटनगर अपराध अनुसन्धान तथा कारवाही शाखामा पठाईएको जिलला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## लेनदेन मुद्दामा कैद सजाय तोकिएकी महिला पक्राउ

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

लेनदेन बिगो मुद्दामा अदालतबाट कैद सजाय तोकिएर फरार एक महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको खडक नगरपालिका ५ की ४० वर्षिया सतिदेवी थरुनीलाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार थरुनीलाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा ६ महिना कैद सजाय तोकेपछी फरार थिइन् ।



आइतबार उनलाई गाउँघरमै लुकी बसेको अवस्थामा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटेको टोलीले पक्राउ गरेको प्रहरी निरिक्षक सुरेन्द्र नेपालीले जानकारी दिए ।

पक्राउ परेका उनलाई आइतबार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

## प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताका लागि मधेस प्रदेशको टिम घोषणा

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**

प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको मधेस प्रदेशबाट सहभागी हुने खेलाडी नाम सार्वजनिक गरिएको छ ।

मधेस प्रदेश खेलाडी छनोट समितिले शनिबार अनिलकुमार साहको कप्तानीमा १५ सदस्यीय टोली छनोट गरेको हो ।

मधेस प्रदेशको टिममा बाराका पवन सर्राफ, कमल गुप्ता, निखिल सिंह, रन्जित कुमार, राजेश यादव, विशाल पटेल, रोशन विक, प्रदीप पासवान, रुपेश सिंह, दिपेश दास, हरिशङ्कर साह, शैलेन्द्र साह र सन्नी साह रहेका छन् ।

मधेस प्रदेशको टिमको प्रशिक्षकमा सुनिल साह रहेका छन् । सहप्रशिक्षकमा शुभ टण्डुकार र म्यानेजरमा दीपेन्द्र यादव रहेका छन् । छनोट समितिका संयोजक विकास दलीको नेतृत्वमा १५ सदस्यीय टोलीको छनोट गरेको हो ।

मधेसका आठ जिल्लाका टिमबाट प्रतिस्पर्धा गरेका उत्कृष्ट खेलाडीलाई छनोट गरेर मधेस प्रदेशको टिम बनाइएको हो । मधेस प्रदेशको टिम आइतबार बिहानै रुपन्देही प्रस्थान गरिसकेको छ । सो प्रतियोगिता लुम्बिनी प्रदेश क्रिकेट सङ्घको व्यवस्थापनमा हुने प्रतियोगितामा १० टिम सहभागी हुँदैछन् ।

## बजेटमा तीन करोडभन्दा कम लागतका आयोजना समावेश नगर्न अर्थमन्त्रीको जोड

काठमाडौं, २५ फागुन (रासस) ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेटमा रु तीन करोडभन्दा कम लागतका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न नहुनेमा जोड दिनुभएको छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माण सम्बन्धमा खानेपानी मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालका पदाधिकारीसँग आइतबार बेग्लाबेग्लै भएका छलफलका उहाँले असङ्ख्य योजना तथा कार्यक्रम बजेटमा राख्ने प्रवृत्तिबाट बाहिर आउन आग्रह गर्दै पूर्वतयारी सकिएका ठूला रुपान्तरणकारी एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्न जोड दिनुभयो ।

अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहले गर्न सक्ने कार्यक्रममा उनीहरुको भूमिका बढाउनुपर्ने र एक पटकका लागि बीउपुँजी दिएर भए पनि प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका आयोजना तथा कार्यक्रम हस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

बैठकमा खानेपानीमन्त्री प्रदीप यादव, सङ्घीय मामिलामन्त्री राजकुमार गुप्ता, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, अर्थ सचिव, राजस्व सचिव, खानेपानी सचिव, सङ्घीय मामिला सचिवगायत सहभागी हुनुहुन्थ्यो ।

**फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।**

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### दवावमूलक अभियान जरुरी

समाजमा भइरहने विभिन्न घटना बिरुद्ध अझै जनचेतनाका साथै दवावमूलक अभियान जरुरी रहेको छ। विभिन्न आपराधिक घटनाबारे जनचेतनामूलकका साथै दवावमूलक अभियानका आवश्यक रहेको छ। आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झै-झगडाका घटनाहरु भइरहेको प्रहरी तथ्याङकले देखाएको छ। यस्ता घटनाले सामाजिक सद्भाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढ्ने हुन्छ।

यसैगरि कुटपिटका घटनाहरु पनि जिल्लामा बढेर गएको छ। कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ। यी तीनै घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ। यस्ता घटनाहरुलाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय खोज्नु पर्ने आवश्यकता रहेको छ। यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गर्दछ। यसका लागि समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सकिए पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ। त्यस्तै जिल्लामा आत्महत्याका घटनाहरु पनि उत्तिकै बढेको छ। यस्ता घटनाहरु भइरहेको प्रहरीको अर्को तथ्याङकले देखाउछ।

तसर्थ सबै सरोकारवाला निकायको साथले यस्ता घट्नालाई निरत्साहित गर्न आवश्यक छ। प्रहरीको एकल प्रयासले मात्र यस्ता घटनाहरु न्युनिकरण हुन नसक्ने निष्कर्षका साथै सम्पूर्ण सरोकारवाला निकाय, स्थानिय तहका पदाधिकारी लगायतले गम्भिरतापूवर्क यस्ता घटना न्यूनिकरण गर्नेतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालमा भेटिए छेपारोका तीन नयाँ प्रजाति

**नारायण ढुङ्गाना**

काठमाडौँ, २५ फागुन (रासस)। नेपालमा छेपारोका तीन नयाँ प्रजाति फेला परेका छन्। वेन्ट-टोड गेक्को अर्थात् माउसुली परिवारमा पर्ने यी छेपारा चितवन-अन्नपूर्ण भू-परिधिअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र चितवनको उत्तरी क्षेत्रमा फेला परेको हो।

उक्त पहिचान तथा नामकरण गरी हालै अन्तर्राष्ट्रिय जर्नल 'जुट्याक्सा'मा प्रकाशित गरिएको अनुसन्धानकर्ता एवं संरक्षणकर्मी सन्तोष भट्टराईले जानकारी दिनुभयो। उहाँकै नेतृत्वको अनुसन्धान टोलीले छेपारोका उक्त नयाँ प्रजाति फेला पारेको हो।

उक्त अध्ययन टोलीमा नेपालबाट सन्तोष भट्टराईको नेतृत्वमा विवेक गौतम, विशाल न्यौपाने, भारतका अक्षय खान्देकर, तेजस ठाकरे र इशान अग्रवाल, जर्मनीका फ्रान्क तिल्लक तथा अस्ट्रेलियाका आश ओल्सन, फिओना होगन र वेएन्डी राइट सहभागी हुनुहुन्थ्यो।

नयाँ फेला परेका प्रजातिमध्ये चितवनको उत्तरी क्षेत्र कविलास, शक्तिखोर, गैरीबारी, उपरदाङगढीलगायत तनहुँको बन्दीपुर र दमौलीदेखि भिमादसम्म फेला परेको प्रजातिको नामकरण 'चितवन वेन्ट-टोड गेक्को' भनेर नामकरण गरिएको छ।

दोस्रो प्रजाति अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने ल्वाङ्ग, घान्द्रुक क्षेत्र तथा कास्कीको नौडाँडा क्षेत्रमा फेला परेको प्रजातिको नाम अन्नपूर्ण संरक्षण क्षेत्रले समुदायमा आधारित जैविक विविधता संरक्षणमा खेलेको भूमिकाको कदरस्वरूप तथा अन्नपूर्ण हिमशृङ्खलाका नाममा 'एक्याप वेन्ट-टोड गेक्को' भनेर नाम राखेको छ।

तेस्रो प्रजाति मनास्लु संरक्षण क्षेत्रमा भेटिएको थियो। सो प्रजातिको नाम नेपालकै वरिष्ठ वन्यजन्तु विज्ञ प्रोफेसर करणबहादुर शाहले नेपालको वन्यजन्तु (खासगरी उभयचर-सरीसृप) संरक्षणमा गरेको यागदानस्वरूप सो प्रजातिको नामाकरण 'करण वेन्ट-टोड गेक्को' भनेर राखिएको छ।

यसरी फेला पारिएका नयाँ प्रजाति यस अनुसन्धानका मुख्य शोधकर्ता सन्तोष भट्टराईको विद्यावारिधि अध्ययनका क्रममा सन् २०२३ को अप्रिलदेखि सेप्टेम्बरसम्म भेटिएका थिए। उक्त प्रजाति पक्का गरेपछि जर्नलमा प्रकाशित गरी हालैमात्र सार्वजनिक गरिएको हो।

वेन्ट-टोड गेक्को प्रजातिअन्तर्गत नेपालमा पहिले पनि तीन वटा प्रजाति फेला परेका र सो प्रजातिको नमुना विदेशका सङ्ग्रहालयमा राखिएकाले अहिले फेला परेका प्रजाति संसारमै नयाँ भनेर यकीन गर्न विदेशमा सङ्ग्रहित नमुनाको अध्ययन तथा तुलना साथै तिनीहरुकै आनुवंशिक अध्ययन गरी यकीन गरिएको हो।

यसरी अध्ययन गर्न नेपाल, भारत, अस्ट्रेलिया र जर्मनीका अनुसन्धानकर्ताको टोली सामेल भएको थियो। साथै सो अध्ययन टोलीले इलामबाट पहिले फेला परेको भनिएका दुई प्रजाति अनुवांशिक अध्ययन गर्दा ती प्रजाति नभई एक प्रजाति भएको यकीन गरेको छ।

गेक्कोनिडे परिवारअन्तर्गत पर्ने यी छेपारो संसारभरि तीन सय ५० भन्दाबढी प्रजातिका पाइन्छन् भने नेपालमा अहिले फेला परेका तीन नयाँसहित जम्मा पाँच प्रजातिमात्र पाइएको छ। सरकार तथा जैविक विविधता संरक्षण गर्ने नेपालका संस्था ठूला स्तनधारी वन्यजन्तुमा मात्र केन्द्रित रहेकाले नेपालमा अझै थुप्रै प्रजातिको रेकर्ड हुन बाँकी नै रहेको संरक्षणकर्मी बताउँछन्।

सरीसृपलगायत अन्य अध्ययन कम भएका प्रजातिको खोज तथा अनुसन्धानका लागि सबै सरोकारवालाले यस्ता प्रजातिको अध्ययन, अनुसन्धान तथा संरक्षणमा प्राथमिकीकरण गर्नुपर्ने देखिएको अध्ययन टोलीको नेतृत्व गर्नुभएका भट्टराईले बताउनुभयो।

## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय सीतापुर, सप्तरी**

# सिरियामा दुई दिनको झडप र प्रतिशोधपूर्ण हत्यामा एक हजारभन्दा बढीको मृत्यु



बेरुत, २५ फागुन (रासस/एपी)।

सिरियाली सुरक्षा बल र पदच्यूत राष्ट्रपति बशर अल-असदका समर्थकहरूबीच दुई दिनको झडप र त्यसपछिको प्रतिशोधात्मक हत्याहरूले मृत्यु सङ्ख्या एक हजारभन्दा बढी पुगेको एक युद्ध अनुगमन समूहले शनिबार बताएको छ।

यो सिरियाको १४ वर्षअघि सुरु भएको द्वन्द्वपछिको सबैभन्दा घातक हिंसाको घटना हो।

बेलायतस्थित सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार सात सय ४५ सर्वसाधारण मारिएका छन्। तीमध्ये एक सय २५ जना सरकारी सुरक्षा बलका सदस्य र एक सय ४८ जना असदसँग सम्बन्धित सशस्त्र समूहका लडाकुहरू मारिएका छन्। लाटाकिया सहर वरपरका ठूलो क्षेत्रमा बिजुली र खानेपानी काटिएको अब्जर्भेटरीले बताएको छ।

असदलाई सत्ताबाट हटाएपछि विद्रोहीहरूले सत्ता लिएको तीन महिनापछि बिहीबार भड्किएको झडपले दमास्कसमा नयाँ सरकारलाई ठूलो चुनौती दिएको छ। सरकारले असदका बलहरूको अवशेषबाट भएको आक्रमणको जवाफ दिइरहेको र व्यापक हिंसाका लागि 'व्यक्तिगत कार्यहरू' लाई दोष दिएको बताएको छ।

**सुन्नी र अलावीबीच प्रतिशोधात्मक हत्याहरू**

असदको अल्पसङ्ख्यक अलावी सम्प्रदायका सदस्यहरू विरुद्ध सरकारप्रति वफादार सुन्नी मुस्लिम बन्दुकधारीहरूले शुक्रबार सुरु गरेको प्रतिशोधात्मक हत्या पूर्व सरकारको पतनको नेतृत्व गर्ने गुट हयात ताहरिर अल-शामका लागि ठूलो धक्का हो। अलावीहरूले दशकौँसम्म असदको समर्थन आधारको ठूलो हिस्सा बनाएका थिए।

अलावी गाउँ र सहरका बासिन्दाहरूले एसोसिएटेड प्रेससँग हत्याहरूको बारेमा कुरा गर्दै बन्दुकधारीहरूले अलावीहरूलाई, अधिकांश पुरुषलाई, सडकमा वा उनीहरूको घरको गेटमा गोली हानेको बताए। सिरियाको तटीय क्षेत्रका दुई बासिन्दाले एपीलाई आफ्नो लुक्ने ठाउँबाट विभिन्न क्षेत्रहरूमा अलावीहरूका धेरै घरहरू लुटिएका र त्यसपछि आगो लगाइएको बताए।

उनीहरूले बन्दुकधारीहरूद्वारा मारिने डरले आफ्नो नाम सार्वजनिक नगर्न अनुरोध गरे। हजारौँ मानिस सुरक्षाका लागि नजिकैको पहाडतर्फ भागेको उनीहरूले थप जानकारी दिए।

**बासिन्दाहरूको एउटा सहरमा अत्याचारको कुरा**

हिंसाबाट सबैभन्दा बढी प्रभावित बानियास सहरका बासिन्दाहरूले सडकहरूमा लाशहरू छरिएका वा घरहरू र भवनहरूको छतमा गाडिन नपाएका अवस्थामा छोडिएको र कसैले पनि उनीहरूलाई सङ्कलन गर्न नसकेको बताए। एक बासिन्दाका अनुसार बन्दुकधारीहरूले बासिन्दाहरूलाई शुक्रबार नजिकबाट मारिएका आफ्ना पाँच छिमेकीको शव हटाउन घन्टौँसम्म रोकेका थिए।

परिवार र छिमेकीहरूसँग शुक्रबार हिंसा फैलिएको केही घण्टापछि भागेका बानियासका ५७ वर्षीय बासिन्दा अली शेहाले अलावीहरू बस्ने बानियासको एक क्षेत्रमा उहाँका कम्तीमा २० छिमेकी र सहकर्मी मारिएको र तीमध्ये केही आफ्नै पसलमा वा घरमा मारिएको बताउनुभयो।

शेहाले यी आक्रमणलाई असद सरकारले गरेका अपराधहरूका लागि अलावी अल्पसङ्ख्यकको 'प्रतिशोधात्मक हत्या'भन्नुभयो। अन्य बासिन्दाले बन्दुकधारीहरूमा विदेशी लडाकूहरू र छिमेकी गाउँ र सहरका उग्रवादीहरू रहेको बताए।

"यो निकै नराम्रो थियो। शवहरू सडकमा थिए", सहरबाट करिब २० किलोमिटर टाढाबाट फोनमा कुरा गर्दै शेहाले भन्नुभयो। उहाँका अनुसार बन्दुकधारीहरू उहाँको अपार्टमेन्ट भवनबाट एक सय मिटरभन्दा कममा भेला भएका थिए।

कम्तीमा एक घटनामा उहाँलाई थाहा भएअनुसार बासिन्दाहरूलाई उनीहरूको धर्म र सम्प्रदाय जाँच गर्न परिचयपत्र माग्दै थिए अनि त्यसपछि उनीहरूलाई मार्दै थिए। उहाँले बन्दुकधारीहरूले केही घरमा आगो लगाएको र कारहरू चोरेर घरहरू लुटेको बताउनुभयो।

**मृत्यु संख्या बढ्दो**

अब्जर्भेटरीका प्रमुख रामी अब्दुरहमानले प्रतिशोधात्मक हत्याहरू शनिबार बिहानै रोकिएको बताउनुभयो।

"यो सिरियाली द्वन्द्वको दौरानमा भएको सबैभन्दा ठूलो नरसंहारमध्ये एक थियो", अब्दुरहमानले अलावी नागरिकहरूको हत्याबारे भन्नुभयो।

समूहले पहिले दिएको आँकडाअनुसार छ सयभन्दा बढीको मृत्यु भएको थियो। कुनै आधिकारिक आँकडा जारी गरिएको छैन।

सिरियाको तटीय क्षेत्रमा भएको झडपमा मारिएका चार सिरियाली सुरक्षा बल सदस्यका लागि शनिबार दिउँसो उत्तरपश्चिमी गाउँ अल-जानौदिया मा अन्त्येष्टि गरियो। धेरै मानिसले अन्त्येष्टिमा भाग लिएका थिए।

सिरियाली सेनाले नियन्त्रण पुनः प्राप्त गरेको आधिकारिक रिपोर्टले जनाएको छ।

सिरियाको सरकारी समाचार एजेन्सीले रक्षा मन्त्रालयका एक अज्ञात अधिकारीलाई उद्धृत गर्दै सरकारी सेनाले असदका वफादारहरूबाट धेरै क्षेत्रहरू पुनः नियन्त्रण गरेको बताएको छ। अधिकारीहरूले 'उल्लङ्घनहरू रोक्न र बिस्तारै स्थिरता पुनःस्थापना गर्न' तटीय क्षेत्रतर्फ जाने सबै सडकहरू बन्द गरेका छन्।

शनिबार बिहान केन्द्रीय गाउँ तुवायममा अघिल्लो दिन प्रतिशोधात्मक आक्रमणमा मारिएका ३१ जनाको शव एक सामूहिक चिहानमा गाडिएको बासिन्दाहरूले बताएका छन्। मारिएकाहरूमा नौ बालबालिका र चार महिला सम्मिलित थिए।

संसद्मा अलावी सम्प्रदायलाई छुट्ट्याइएको दुई सिटमध्ये एउटा ओगटेकालेबनानी विधायक हैदर नासेरले मानिसहरू सुरक्षाका लागि सिरियाबाट लेबनानतर्फ भागिरहेको बताउनुभयो। आफूसँग यथार्थ सङ्ख्या नभएको उहाँले बताउनुभयो।

नासेरका अनुसार धेरै मानिस सिरियाको हमेइमिममा रहेको रूसी वायु अड्डामा आश्रय लिइरहेका छन्। उहाँले अन्तर्राष्ट्रिय समुदायले आफ्नो देशप्रति वफादार सिरियाली नागरिक अलावीहरूको सुरक्षा गर्नुपर्ने बताउनुभयो। उहाँले असदको पतनपछि धेरै अलावीलाई उनीहरूको कामबाट निकालिएको र नयाँ अधिकारीहरूसँग मेलमिलाप गरेका केही पूर्व सैनिकहरू मारिएको बताउनुभयो।

असदको शासनकालमा अलावीहरूले सेना र सुरक्षा एजेन्सीहरूमा उच्च पद ओगटेका थिए। नयाँ सरकारले पछिल्ला केही हप्तामा देशको नयाँ सुरक्षा बल विरुद्धको आक्रमणका लागि उनका समर्थकहरूलाई दोष दिएको छ।

फ्रान्सले सिरियामा हालै भएको हिंसामाथि 'गहिरो चिन्ता' व्यक्त गरेको छ। पेरिसको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "धर्मका आधारमा नागरिकहरू र कैदीहरूमाथि हुने अत्याचारको कडा शब्दमा निन्दा गर्दछ।"

फ्रान्सले सिरियाली अन्तरिम अधिकारीहरूलाई 'यी अपराधहरूमा पूर्ण प्रकाश पार्ने' स्वतन्त्र अनुसन्धान सुनिश्चित गर्न आग्रह गरेको छ।

अब्जर्भेटरीका अनुसार सरकारी सेनाले तटीय सहर जाब्लेह नजिकै एक वाञ्छित व्यक्तिलाई हिरासतमा लिने प्रयास गर्दा र असदका वफादारहरूले आक्रमण गर्दा हालैका झडपहरू सुरु भयो।


## राहदानी हराएको सूचना

सिरहादेखी राजविराजतर्फ आउँदै गर्दा २०८१ माघ ३ गते मेरो निम्न नं. को राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८२६७४२५३५ मा सम्पर्क गर्नुहोला।

**नाम : लालबाबु यादव**
**ठेगाना : बलानबिहुल ३, मौवाहा, सप्तरी**
**राहदानी नं. : १०९५९३२४**


## विश्व समाचार

### हमासद्वारा गाजा युद्धविराम वार्ताको दोस्रो चरण अघि बढाउन माग

गाजा, २५ फागुन (रासस/एएफपी)।

इजरायलले थप वार्ताका लागि दोहामा एक प्रतिनिधिमण्डल पठाउने घोषणा गरेसँगै हमासले गाजा युद्धविरामको दोस्रो चरण तत्काल अघि बढाउन इजरायलसँग माग गरेको छ। समूहले वार्तामा सीधै अघि बढ्ने आफ्नो अडानलाई आइतबार दोहोऱ्याएको हो। प्यालेस्टिनी लडाकू समूहका प्रतिनिधिहरूले सप्ताहन्तमा कायरोमा मध्यस्थकर्ताहरूसँग भेट गरी 'बिना प्रतिबन्ध वा शर्त' घेराबन्दी गरिएको क्षेत्रमा पुनः प्रवेश गर्न मानवीय सहायताको आवश्यकतामा जोड दिएको हमासले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ। उच्चस्तरीय प्रतिनिधिमण्डलले सम्झौताको 'दोस्रो चरणका लागि वार्ता सुरु गर्न प्रत्यक्ष रूपमा अघि बढ्नुपर्ने' आवश्यकतामा पनि जोड दिएको छ। दोस्रो चरणको वार्ताको उद्देश्य स्थायी युद्धविरामको लागि आधार तयार गर्नु हो। हमासले दोस्रो चरणका लागि गाजाबाट पूर्ण इजरायली सेना फिर्ता हुनुपर्ने, नाकाबन्दी अन्त्य गर्नुपर्ने, सो क्षेत्रको पुनःनिर्माण गर्नुपर्ने र आर्थिक सहयोग गर्नुपर्ने लगायतका माग राखेको हमासका एक अधिकारीले एएफपीलाई बताएका छन्। हमासका प्रवक्ता अब्देल लतिफ अल-कानौआले सूचकहरू सकारात्मक रहेको बताएका छन्।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले सोमबार दोहामा प्रतिनिधि पठाउने जनाएको छ।इजरायलले युद्धविरामको पहिलो चरण अप्रिलको मध्यसम्म लम्ब्याउन चाहेको बताउँदै आएको छ। इजरायलमा रहेका करिब एक हजार ८०० प्यालेस्टिनी कैदीहरूको रिहाईका लागि २५ जना जीवित बन्धक र आठ वटा शवहरूको आदानप्रदान सहित छ हप्ताको सापेक्षिक शान्तिपछि मार्च १ मा त्यो प्रारम्भिक अवधि समाप्त भएको थियो। यो युद्धविरामले गाजामा १५ महिनाभन्दा बढी समयदेखि जारी लडाइँलाई धेरै हदसम्म रोकेको थियो। दक्षिणी इजरायलमा सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणको जवाफमा गाजामा इजरायलको निरन्तर सैन्य अभियानका कारण गाजाको लगभग सम्पूर्ण जनसङ्ख्या विस्थापित भएको तर युद्धविरामले शान्तिको लागि वातावरण बनेको छ।

### चीनमा वृद्धवृद्धाको हेरचाहमा एआईको प्रयोग गरिने

बेइजिङ, २५ फागुन (रासस/एएफपी)।

चीनले वृद्धवृद्धा र सामाजिक हेरचाहमा बौद्धिक कृतिमता (एआई) र बिग डाटाको प्रयोगलाई तीव्रता दिने बताएको छ।बास् "हामी सामाजिक सहायता, वृद्ध हेरचाह सेवा र अशक्तहरूका लागि सेवाहरूको क्षेत्रमा बिग डाटा र एआईजस्ता नयाँ प्रविधि र उत्पादनहरूको विकास र अनुप्रयोगलाई तीव्रता दिनेछौँ," नागरिक मामिला मन्त्री लु झियुआनले चीनको वार्षिक राजनीतिक भेलाको 'दुई सत्र' का क्रममा गरिएको एक पत्रकार सम्मेलनमा भन्नुभयो। "यस कदमले सेवाहरूलाई 'अधिक सुविधाजनक, अधिक सुलभ र अधिक मानकीकृत' बनाउनेछ," लुले भन्नुभयो। सन् २०२४ मा चीनको जनसङ्ख्या लगातार तेस्रो वर्ष घटेको छ र त्यहाँ ६० वर्ष वा सोभन्दा बढी उमेरका ३१ करोडभन्दा बढी मानिस रहेका छन्। श्रमशक्ति खुम्चिँदै जाँदा सरकारले भविष्यको आर्थिक वृद्धिका लागि प्रविधिको प्रयोग गरिरहेको छ। गत जनवरीमा डिपसिकले आफ्नो च्याटबोटको पछिल्लो संस्करण सार्वजनिक गरेपछि स्थानीय सरकारहरूले आफ्नो सेवामा डिपसिकको एआई मोडेल लागू गर्न हतार गरेका छन्। डिपसिकको मूल्य कटौती ढाँचाले चिनियाँ कम्पनीहरूलाई उन्नत एआई चिप्सको बिक्रीमा अमेरिकी प्रतिबन्धको बावजुद यसका धेरै पश्चिमी एआई प्रतिस्पर्धीहरूलाई पछि पारेको छ। राष्ट्रपति सी चिनफिङले गत महिना निजी कम्पनीहरूका लागि एक दुर्लभ सङ्गोष्ठी आयोजना गर्दा यस क्षेत्रका लागि आधिकारिक समर्थनको सङ्केत गर्नुभएको थियो जसमा धेरै एआई र अन्य प्रविधि मालिकहरू सामेल रहेका र उनीहरूलाई 'आफ्नो प्रतिभा देखाउन' भन्नुभएको थियो। सङ्गोष्ठीमा डिपसिकका संस्थापक लियाङ वेनफेङका साथै टेन्सेन्ट, हुवावे र शाओमीजस्ता शीर्ष प्रविधि कम्पनी तथा फर्मका प्रतिनिधिहरू उपस्थित थिए।

### इराकलाईमा इरानी बिजुली किन्ने छुट नरहने

बग्दाद, २५ फागुन (रासस/एएफपी)।

वासिङ्टनले इराकलाई छिमेकी मुलुक इरानबाट बिजुली खरिद गर्न अनुमति दिने प्रतिबन्ध फुकुवालाई नवीकरण नगरिएको बग्दादस्थित अमेरिकी दूतावासका प्रवक्ताले आइतबार बताएका छन। आफ्नो अपार तेल र ग्याँस भण्डारको बावजुद, इराक आफ्नो ऊर्जा आवश्यकताहरू पूरा गर्न आयातमा निर्भर रहन्छ, र इरानले त्यहाँ खपत हुने ग्याँस र बिजुलीको एक तिहाई आपूर्ति गर्दछ। "अमेरिकी विदेश मन्त्रालयले इराकलाई इरानी बिजुली खरिदका लागि मार्च ८ मा दिइएको छुटको नवीकरण गरेको छैन", दूतावासका प्रवक्ताले भन्नुभयो, "यो निर्णयले अमेरिकी वर्तमान् प्रशासनले इरानलाई कुनै पनि प्रकारको आर्थिक वा वित्तीय राहत दिने छैन भन्ने सुनिश्चित गर्दछ।" वक्तव्यमा इरानी ग्यास आयातको बारेमा उल्लेख गरिएको छैन, जुन इराकको घरेलु बिजुली उत्पादनको लागि महत्त्वपूर्ण छ।ट्रम्पले आफ्नो पहिलो कार्यकाल अर्थात् सन् २०१८ मा इरानसँगको आणविक सम्झौता त्यागेपछि वासिङ्टनले तेहरानमाथि पुनः प्रतिबन्ध लगाएपनि उक्त छुटको घोषणा गरिएको थियो। गत जनवरीमा अमेरिकी राष्ट्रपतिको रूपमा सपथ खाएपछि ट्रम्पले इरानविरुद्ध आफ्नो 'अधिकतम दबाब' को नीति लाई पुनः स्थापित गर्नुभएको छ। दूतावासका प्रवक्ताले भने, "राष्ट्रपतिको अधिकतम दबाब अभियान इरानको आणविक खतरा अन्त्य गर्न, ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रमलाई कम गर्न र आतङ्कवादी समूहलाई समर्थन गर्नबाट रोक्नको लागि डिजाइन गरिएको छ। इरानलाई 'अविश्वसनीय ऊर्जा आपूर्तिकर्ता' को संज्ञा दिँदै प्रवक्ताले बग्दादलाई 'जतिसक्दो चाँडो इरानी ऊर्जा स्रोतहरूमाथिको निर्भरता अन्त्य गर्न' आग्रह गर्नुभयो। इराकी सरकारका प्रवक्ता बासेम अल-अवाडीले शनिबार सरकारी सञ्चारमाध्यमलाई बताएअनुसार अधिकारीहरूले छूटको सम्बन्धमा 'सबै परिदृश्यका लागि' तयारी गरेका छन्। बग्दादले इरानमाथिको निर्भरता कम गर्न र विशेष गरी गर्मीयाममा इराकको दीर्घकालीन विद्युत् कटौतीलाई कम गर्न ऊर्जा स्रोतहरू विविधीकरण गर्नुपर्ने आवश्यकतामा बारम्बार जोड दिँदै आएको छ।

# उदयपुरमा लागुऔषध दुर्व्यसनी बढ्यो

गाईघाट (उदयपुर), २५ फागुन ।

जिल्लामा एक वर्षअघिसम्म न्यूनीकरण हुँदै गएको लागुऔषध कारोबार र दुर्व्यसन पुनःबढ्न थालेको छ । छिमेकी जिल्ला सप्तरी, सिरहा, सुनसरी र उदयपुरको सीमाबाट विभिन्न लागुऔषध भित्रने, कारोबार गर्ने र प्रयोगकर्ता वृद्धि हुँदै गएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्लाभित्रबाट पनि केही गाँजा कारोबारकर्ताले बाहिर गाँजा बिक्री गर्ने गरेका पाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक केदारमान दोङले बताउनुभयो । उहाँका अनुसार गत साउनदेखि फागुनको दोस्रो सातासम्ममा मात्र जिल्लामा ९० जना लागुऔषध कारोबारकर्ता र केही प्रयोगकर्ता पक्राउ परेका छन् ।

पक्राउ गरिएकामध्ये ४७ जनाविरुद्ध मुद्दा दर्ता गरेर अनुसन्धान सुरु गरिएको जनाउँदै प्रनाउ दोङले २५ जनालाई कारागारमा राखिएको उल्लेख गर्नुभयो । उहाँका अनुसार ३२ जनालाई धरौटीमा छाडिएको छ ।

अहिले सबैभन्दा बढी समस्याका रूपमा सप्तरी, सुनसरी र सिरहको सीमानाकाबाट लागुऔषधका विभिन्न ट्याब्लेटहरू कारोबारकर्ताले उदयपुर भित्र्याउने गरेका प्रनाउ दोङले बताउनुभयो । जिल्लाको पूर्वी क्षेत्रको बेलका र पश्चिमी क्षेत्रको कटारी, उदयपुरगढी क्षेत्र भएर सप्तरी, सिरहामा गाँजा तस्कर हुने गरेको उहाँको भनाइ छ ।

जिल्लाको पूर्वी क्षेत्रको बेलका र चौदण्डीगढी नगरपालिकामा सप्तरी र सुनसरीको सिमाना हुँदै जिल्लाभित्र गाँजा तस्करी बढ्दै गइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्लाको सिमा क्षेत्रमा प्रहरी तथा सुरक्षाकर्मी चौबीसैँ घण्टा कडाइका साथ तैनाथ गरिए पनि लागुऔषध कारोबार बढ्दै गइरहेकाले प्रहरीलाई चुनौती थपिएको उहाँले बताउनुभयो ।

एक वर्षअघिसम्म जिल्ला प्रहरी कार्यालयले जिल्लाका गाउँगाउँका विद्यालय तथा बस्ती र सडकमा 'नो ड्रग्स' अभियान सञ्चालन गर्दै आएको थियो । उक्त अभियानका कारण केही समय लागुऔषध दुर्व्यसनी न्यूनीकरण भएकामा अहिले फेरि कारोबार र दुर्व्यसन वृद्धि हुँदै गएका प्रनाउ दोङले उल्लेख गर्नुभयो ।

अहिले जिल्लाभित्रबाट बाहिर गाँजा पैठारी नियन्त्रण गर्नु निकै चुनौतीका रूपमा देखिएको बताउँदै बाहिरबाट लागुऔषध भित्रीक्रम पनि बढ्दै गएको जिल्ला प्रहरी कार्यालयका प्रमुख हरिहरनाथ योगीले बताउनुभयो । कारोबारकर्ताले राजमार्गभन्दा पनि चुरे क्षेत्रको जङ्गलको बाटोबाट पैदल हिडेर चोरबाटो हुँदै कारोबार गर्न थालेपछि प्रहरीलाई सुरक्षा र नियन्त्रणमा चुनौती उहाँको भनाइ छ ।

लागुऔषध कारोबार बढ्दै जान थालेपछि प्रहरीले नागरिकसहित सबैले साथ दिएमा लागुऔषध ओसारपसार र दुर्व्यसनी न्यूनीकरण गर्न सकिने बताउँदै योगीले नागरिक समाज, आमनागरिकलाई सहयोगका लागि आग्रह गर्नुभयो ।

# संघीय सासंद सिंह बिरुद्ध प्रदर्शन




**दैनिक समाचारदाता**
**रौतहट, २५ फागुन ।**

रौतहट सदरमुकाम गौरमा संघीय सांसद अमरेशकुमार सिंहको पुत्ला दहन गर्दै प्रदर्शन भएको छ ।

सांसद सिंहले शुक्रबार सदनमा गैरका मेयर शम्भु साहविरुद्ध गैरजिम्मेवारी अभिव्यक्ति दिएको आरोप लगाउँदै साहका समर्थकसँगै गौर नगरपालिकाका पदाधिकारीहरूले नाराबाजी गर्दै पुतला दहन गरेका हुन् ।

नगरका उपप्रमुख, नगरप्रवक्ता, वडाध्यक्षहरू, वडा सदस्य, तथा स्थानीयहरूले सांसद सिंहलाई अभिव्यक्ति फिर्ता लिएर गौरवासीसँग माफी माग्न माग गरेका छन् ।

प्रदर्शनकारीहरूले ब्यानर, प्लेकार्ड बोकेर पुत्ला दहन गर्दै सिंहले अविलम्ब माफी नमागेमा उनीविरुद्ध कानुनी कारबाहीको प्रक्रियामा जाने चेतावनी दिएका थिए ।

# संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई सुदृढ गर्नु सबैको दायित्व: प्रधानमन्त्री ओली

धनगढी, २५ फागुन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान संविधान कुनै व्यक्तिले दिएको नभई जनताबाट निर्वाचित संविधानसभाले बनाएकाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई सुदृढ गर्नु सबैको दायित्व भएको बताउनुभएको छ ।

सुदूरपश्चिम प्रदेशसभा बैठकमा आइतबार विशेष सम्बोधन गर्दै उहाँले जनताको बलिदानपूर्ण र लामो सङ्घर्षबाट बनाइएको संविधानले प्रबन्ध गरेको व्यवस्थाको मर्म र भावनालाई सम्मान गर्दै लोकतान्त्रिक विधि र पद्धतिमा हिँड्न सबैमा आग्रह गर्नुभयो ।

प्रधानमन्त्री ओलीले पूर्वराजा ज्ञानेन्द्र शाहबाट प्रजातन्त्र दिवसका अवसरमा दिइएको अभिव्यक्ति आश्चर्यलाग्दो भएको उल्लेख गर्दै भावनामा बगेर देश नबन्ने स्पष्ट गर्नुभयो । उहाँले मुलुकमा फेरि अस्थिरता जन्माउने खेल भएकाले प्रमुख राजनीतिक दलका यसविरुद्ध उभिएकामा धन्यवाद व्यक्त गर्नुभयो ।

"पूर्वराजालाई लगेर सिंहासनमा बसाउने, नारायणहिटी छिराउने भन्ने पनि चलाइएको छ । कुनै कुर्सीमा लगेर राख्दैमा कोही शासक हुन्छ ? जनताले मानिदिन परेन ?", प्रधानमन्त्री ओलीको प्रश्न थियो, "राष्ट्रपति रामचन्द्र पौडेल निर्वाचित भएर राष्ट्रपतिका रूपमा हुनुहुन्छ । अरू कसैलाई कुर्सीमा राख्दैमा कोही राजा हुने हो र ?"

उहाँले अहिले दुई ठूला दलको सहमतिबमोजिम सरकार बनेको र सहमतिबमोजिम आफूले पूर्वघोषणाअनुसार सत्ता हस्तान्तरण गर्ने दोहोर्याउनुभयो ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


# 'प्रदेशमा कुनै पनि योजना तथा कार्यक्रम खरिद-बिक्री भएका छैनन्'

जनकपुरधाम, २५ फागुन (रासस) ।

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशमा विकाससँग सम्बन्धित कुनै पनि योजना तथा कार्यक्रम हल्ला भएजस्तो खरिद-बिक्री नभएको स्पष्ट पार्नुभएको छ ।

शनिबार यहाँ आयोजित 'मधेस मन्थन' विषयक साक्षात्कार कार्यक्रममा उहाँले प्रदेश सरकारले कुनै पनि प्रभावमा नपरेर योजनाबद्ध रूपमा विकास योजना तथा कार्यक्रम अगाडि सारेको बताउनुभयो ।

मुख्यमन्त्री सिंहले प्रदेशमा दिगो रूपमा सुशासन कायम गर्ने उद्देश्यले इमान्दारीपूर्वक कार्य गरिरहेको उल्लेख गर्दै विकास विरोधी, जनहित नचाहनेहरूले आफू नेतृत्वको सरकारको बदनाम गरिरहेको जिकिर गर्नुभयो । "प्रदेशको शिक्षा, स्वास्थ्य, कृषि तथा रोजगारीको क्षेत्रमा रहेका समस्या र विकृतिमा सुधारका लागि वर्तमान सरकार गम्भीरतापूर्वक लागेको छ । प्रदेश सरकारले जनहितमा महत्वपूर्ण काम गर्न खोजिरहे पनि सङ्घीय सरकारको असहयोग, कानुन, बजेट र अधिकार नदिने कारणले काम गर्न समस्या भइरहेको छ", उहाँले भन्नुभयो ।

मुख्यमन्त्री सिंहले शिक्षाक्षेत्रअन्तर्गत प्रदेशका १३६ पालिकामा करिब एक हजार २०० सरकारी विद्यालयमा रहेका शैक्षिक तथा व्यवस्थापकीय समस्या समाधानका लागि काम भइरहेको उल्लेख गर्नुभयो । उहाँले स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रयास सुरु भएको र त्यस क्रममा ९४ निजी अस्पतालको अनुगमन गर्दा अवैध रूपमा सञ्चालनमा रहेका ५३ अस्पताललाई बन्द गराएर कारबाही प्रक्रिया सुरु गरिएको जानकारी दिनुभयो । साथै सरकारी अस्पतालमा जनशक्तिको व्यवस्थापन, भौतिक तथा प्राविधिक सुधारमार्फत सेवामा प्रवाहमा चुस्तता काम गर्न काम भइरहेको मुख्यमन्त्री सिहंको भनाइ थियो ।

त्यस अवसरमा ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवले सङ्घीय सरकारले खानेपानी तथा सिँचाइको विकासका लागि अत्यन्त कम बजेट दिएकाले काम गर्न समस्या भएको गुनासो गर्नुभयो । उहाँले सङ्घीय सरकारले पठाएका मन्त्रालयका सचिवले विकासको कार्यमा सहयोग नगरेको आरोप लगाउनुभयो । प्रदेशमा अझै २० प्रतिशत जनता शौचालयविहीन रहेको जानकारी दिँदै मन्त्री यादवले चालु आर्थिक यसमा तीन सय ७६ वटा डिप बोरिङ निर्माणका लागि रु १९ करोड मात्र सङ्घ सरकारले बजेट दिएकाले काम गर्न समस्या भइरहेको ँले बताउनुभयो ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*